# आठराई त्रिवेणी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
हाङपाङ, ताप्लेजुङ्ग

प.सं. ०८१/०८२
सूचना नं. ०४

मितिः-२०८१।०८/१३
ने.सं.११४५ कछलागा १३ बिहिवार

सूचना!  सूचना!!  सूचना!!

**विषयः- व्यवसाय दर्ता तथा नविकरण गर्ने सार्वजनिक सुचना ।**

**सुचना प्रकाशित मितिः- २०८१/०८/१३**

प्रस्तुत सम्बन्धमा यस आठराई त्रिवेणी गाउँपालिकाबाट स्विकृत **व्यवसाय** दर्ता **तथा नविकरण सम्बन्धि कार्यविधि** २०८०, को दफा ६ बमोजिम दफा ३ बमोजिममा विषयक्षेत्रका व्यवसाय दर्ता गर्नका लागि तथा सोहि कार्यविधिको दफा ७ बमोजिम दर्ता प्रमाणपत्र नविकरण गर्ने व्यवस्था भएकोमा हालसम्म यस गाउँपालिकाको कार्यालयमा नियमानुसार दर्ता हुन बाकी रहेका व्यवसायहरुलाई दर्ताका लागि तथा विगतमा दर्ता भई अद्यावधिक रुपमा चालु आ.व. ०८१/०८२ सम्म दर्ता नविकरण हुन बाकी रहेका सम्पुर्ण व्यवसायहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा यस कार्यालयमा तपशिल बमोजिमका कागजातहरु सहित दर्ता तथा नविकरणका लागि उपस्थितिका लागि अनुरोध छ ।
यो सूचनाको अवधिसम्ममा नियमानुसार दर्ता तथा नविकरण गर्न उपस्थित नभई संचालित सम्पूर्ण व्यवसायहरुलाई गाउँपालिकाको **व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि** २०८० को दफा १३ को (ङ) बमोजिम कारवाहि गरी आवश्यकता अनुसार दफा १२ बमोजिम दर्ता खारेजीसम्म गर्न सकिने व्यहोरा समेत सरोकारवाला सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु

क. व्यवसाय दर्ताका लागि

१. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।

२. व्यवसाय सञ्चालकको २ प्रति फोटो ।

३. व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा कम्तीमा १० वर्ष लिजमा लिएको खुल्ने सक्कल कागज ।

४. स्थानीय उद्योग वाणिज्य संघको सिफारिस (कृषि तथा पशुजन्य व्यवसायका लागि आवश्यकता अनुसार मात्र)

५. सम्वन्धित वडा कार्यालयको सिफारिस ।

६. दर्ता शुल्कको हकमा गाउँपालिकाको चालु आ.व. ०८१/०८२ को आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

Website : www.aathraitribenimun.gov.np Email : aathrai.tribenimun@gmail.com Tel : 9852660960

Scanned with OKEN Scanner

आठराई त्रिवेणी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
हाङपाङ, ताप्लेजुङ

ख. <u>व्यवसाय नविकरणका लागि</u>

१. व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल ।

२. व्यवसाय सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

३. मालपोत तिरेको रसिदको प्रतिलिपि/कर चुक्ता प्रमाणपत्र

४. व्यवसाय सञ्चालन हुने/भएको स्थानको २ प्रति फोटो

५. स्थानीय उद्योग वाणिज्य संघको सिफारिस (कृषि तथा पशुजन्य व्यवसायको लागि आवश्यकता अनुसार मात्र)

६. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

७. दर्ता नविकरण शुल्कको हकमा गाउँपालिकाको चालु आ.व. ०८१/०८२ को आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

.............................
बाबु नन्दन बेहता
प्रमुख प्रशासकीय अधिकृत

Website : www.aathraitribenimun.gov.np Email : aathrai.tribenimun@gmail.com Tel : 9852660960

Scanned with OKEN Scanner